**मिति २०७४।०८।१४ गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु :**

१. चालु आ.व. २०७४।०७५ को लागि स्वीकृत यस नगरपालिकाको ठुला पूर्वाधार विकास आयोजना बाहेकका वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको सम्वन्धित वडा कार्यालयबाट नै लागत स्टीमेट, डिजाईन स्वीकृत गर्ने, सम्झौता गर्ने, भुक्तानी दिने निर्णय गरियो ।

२. चालु आ.व. २०७४।०७५ को लागि स्वीकृत यस नगरपालिकाको योजना तथा कार्यक्रमहरुमध्ये ठुला पूर्वाधार विकास आयोजना बाहेकका वडास्तरीय आयोजन तथा कार्यक्रमहरुको स्वीकृत बजेट नगरकार्यपालिकाको कार्यालयले सम्बन्धित वडा कार्यालयको खर्च खातामा किस्ताबन्दी अनुसार पेश्की रकम निकासा दिने । एक किस्तामा दिईएको पेश्की रकम फछ्र्याट गरेपश्चात् मात्र अर्को किस्ता बापतको पेश्की रकम निकासा दिने निर्णय गरियो ।

३. चालु आ.व. २०७४।०७५ को लागि स्वीकृत यस नगरपालिकाको योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि निर्माण सम्बन्धी आयोजनाको स्वीकृत कुल स्टीमेट रकममा न्यूनत्तम् १० (दश) प्रतिशत बराबरको लागत जनसहभागिता अनिवार्य रुपमा लागू गर्ने निर्णय गरियो ।

४. चालु आ.व. २०७४।०७५ को लागि स्वीकृत यस नगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि सम्झौता पश्चात् बैंक ग्यारेन्टी वा वडा अध्यक्षको जिम्मेवारीमा आयोजनाको स्वीकृत लागत अनुमानको २० (बीस) प्रतिशत रकममा नवढ्नेगरी अग्रिम पेश्की भुक्तानी दिने निर्णय गरियो ।

५. यस नगरपालिकामा सञ्चालन गरिने आयोजनाको व्यवस्थापन, सर्भे, डिजाईन, स्टीमेट, प्राविधिक मुल्यांकन गर्न विद्यमान प्राविधिक जनशक्तिको कमीको कारणले योजना कार्यान्वयनमा ढिलाई र असहज हुने भएकोले नगर कार्यपालिकाको कार्यालयले चालु आ.व. २०७४।०७५ का लागि एक जना ईन्जिनियर, एक जना सव ईन्जिनियर, एक जना असिष्टेन्ट सव ईन्जिनियर र ब्याकहो लोडर चालक नियमानुसार ज्यालादारीमा लिई योजना कार्यान्वयन प्रकृयालाई तिव्रता दिने निर्णय गरियो । साथै नगर कार्यपालिकाको कार्यालयमा हाल ज्यालादारीमा कार्यरत ई. श्री केशव गिरीसंग नगर कार्यपालिकाको कार्यालयले करार सेवा सम्झौता गरी कामकाजमा खटाउने निर्णय गरियो ।

६. चालु आ.व. वडा कार्यालयबाट सञ्चालन हुने वडास्तरीय आयोजनाहरुको कुल लागत अनुमानको १.५ (डेढ) प्रतिशत बराबरको रकम नगर कार्यपालिकाको कार्यालयले र १.५ (डेढ) प्रतिशत बराबरको रकम सम्बन्धित वडा कार्यालयले आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) कट्टा गरी आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।

७. गत आ.व. २०७३।०७४ मा यस नगरपालिका भित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण १ (एक) महिनाभित्र सार्वजनिक गर्न नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

८. प्राकृतिक तथा दैवी विपतमा परी घर भत्कीएको वा क्षति पुगेको घरको पुनर्निर्माण गर्नुपर्ने हकमा निजी तथा सार्वजनिक भवन वा घरनक्शा पास गर्दा नगरपालिकाले नक्शापास बापत लाग्ने दस्तुर मिनाहा गर्ने निर्णय गरियो ।